# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/०४/०१


## भाग - १

## बलेफी गाउँपालिका

### बलेफी, सिन्धुपाल्चोक

# बलेफी गाउँपालिकाको विनियोजन विधेयक, २०८०

# बलेफी गाउँपालिकाको विनियोजन विधेयक, २०८०

## प्रस्तावना:

बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बलेफी गाउँपालिकाको मिति २०८०/०३/०७ को गाउँसभामा यो विधेयक पेश गरी स्वीकृत गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस विधेयकको नाम "बलेफी गाउँपालिकाको विनियोजन विधेयक, २०८०" रहेको छ।

(२) यो विधेयक गाउँसभाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४७,०६,८७,१२१ /- (अक्षेरुपी सड्चालिस करोड छ लाख सतासी हजार एक सय एक्काइस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन:

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त बलेफी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाहेक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनु पर्नेछ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| व्यय | | | | | | | | | | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत/विकास खर्च | समपूरक योजना पालिका | शशर्त अनुदान चालु तर्फ | शशर्त अनुदान पुजीँगत तर्फ | विशेष अनुदान तर्फ | समपूरक संघर प्रदेश | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १. | | गाउँ कार्यपालिका (वडा समेत) | ९,०७,५७,८३८ | १०,५२,३८,२८३ | ३,००,००,००० | १८,५१,९०,००० | १,१५,००,००० | १,८०,००,००० | ३,००,००,००० | संघीय सरकार/प्रदेश सरकार/ राजश्व/ आन्तरिक आय | ४७,०६,८७,१२१ |
| २. | | ऋणको साँवा व्याज भुक्तानी | - | - | - | - | | - | - | - | - |
| ३. | | लगानी (शेयर/ऋण) | - | - | - | - | | - | - | - | - |

**कुल जम्मा रु. ४७,०६,८७,१२१ /- अक्षेरुपी रु. सड्चालिस करोड छ लाख सतासी हजार एक सय एक्काईस रुपैया मात्र ।**

**आज्ञाले,**
**सल बहादुर पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**